बैठक मिति : २०७७/०५/१८
बैठक संख्या : ५

छलफल तथा निर्णय

१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट आयोगको राय सुझावका लागि प्राप्त 'समाजमा रहेका विभिन्न कुरीतिहरु (लैगिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, दाईजो-तिलक, बालविवाह लगायत) अन्त्यका लागि ५ वर्षीय रणनीतिक कार्ययोजना' को मस्यौदाका सम्बन्धमा सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत राय सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

२. आयोगबाट चालु आ.व. २०७७/७८ मा गरिने अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन सम्बन्धी विषयमा छलफल भयो। चालु आ.व. मा गरिने अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन सम्बन्धी विषय छनौट गर्दा सम्बन्धित मन्त्रालय/निकायबाट विगतमा नगरिएको, नदोहोरिने गरी, सम्भव भएसम्म मन्त्रालय/निकायको आवश्यकता र प्राथमिकता अनुरुप छनौट गरी कार्यसंपादन गर्ने।